प्रतापपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०७९/०८०
च.नं. १०२

मितिः २०७९/०९/०७

**विषयः पुनः एकीकरण कार्यक्रममा सहभागी हुनका लागि निवेदन दिने सम्बन्धमा ।**

यस प्रतापपुर गाउँपालिकाका स्थायी बासी रहनु भएका बैदेशिक रोजगारी बाट फर्केका व्यक्तिको तथ्यांक संकलन सम्बन्धमा बैदेशिक रोजगार विभागबाट संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत परिपत्र भई आएकोमा बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सन्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ को अनुसूची-३ बमोजिमको तथ्यांक संकलन गरी तपसिलको ढाँचामा सम्बन्धित वडा कार्यालय मार्फत ७ दिन भित्र यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पठाउनुहुन सम्बन्धित सबैमा यो सार्वजनिक सूचना जारी गरिएको छ ।

यस तथ्यांक प्राप्त भए पश्चात लक्षित वर्गको संख्या र प्रकृति अनुसार यस स्थानीय तहबाट आवश्यकता अनुसारका योजना तथा कार्यक्रमहरु माग गरिने व्यहोरा समेत अनुरोध छ ।थप जानकारीको लागि रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

आवश्यक कागजात :

१. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि १ प्रति
२. निवेदकको पासपोर्टको फोटोकपि १ प्रति
३. निवेदकको फोटो १ प्रति
४. निवेदकले कुनै सिपमुलक तालिम लिएको भए सो को फोटोकपी
५. बैदेशिक रोजगारी सम्बन्धी अन्य कागजात भए सो को फोटोकपी

बोधार्थ :
वडा कार्यालय सबै (१-९):वडा कार्यालयमा टास गरी सुचना अनुसार तथ्यांक संकलन गर्नुहुन,
श्री सुचना प्रविधि शाखाः प्रतापपुरको website मा upload गरीदिनुहुन ।

कुन्दन कुमार सिंह
(नि. प्रमुख प्रशासकीय अधिकृत)

नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(दफा १५ को उपदफा (१) सँग सम्वन्धित)

लाभग्राहीमा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

श्रीमान् रोजगार संयोजकज्यू,
रोजगार सेवा केन्द्र
..............................।

विषयः लाभग्राहीमा सूचीकृत गरी पाऊँ।

उपर्युक्त सम्वन्धमा म................ वैदेशिक रोजगारीको क्रममा ............... देश गई ......... रोजगारीमा गई ............... सीप/ज्ञान हासिल गरी नेपाल फर्की पुनः एकीकरण कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले लाभग्राहीमा सूचीकृत हुनका लागि यो निवेदन पेश गरेको छु।

१. निवेदकको :-

(क) नाम थरः ..............................
(ख) स्थायी ठेगानाः.........................
(ग) अस्थायी ठेगानाः.........................
(घ) राहदानी नं.: ..............................
(ङ) नागरिकता नं.: ..............................
(च) श्रम स्वीकृति लिएको मितिः..............................
(छ) काम गर्न गएको मितिः ..............................
(ज) रोजगारीको लागि गएको देशः ..............................
(झ) सहजीकरण गर्ने वैदेशिक रोजगार व्यवसायीको नामः ..............................
(ञ) नेपाल फर्किएको मितिः ..............................
(ट) रोजगारीको प्रकारः ..............................
(ठ) हासिल गरेको सीप/ज्ञानः ..............................
(ड) करार अवधिः ..............................
(ढ) सहभागी हुन इच्छुक पुनः एकीकरण कार्यक्रमको प्रकारः ..............................
(ण) मनोसामाजिक परामर्श आवश्यक पर्ने/नपर्नेः ..............................

२. बाबु/आमाको नामः ..............................
३. पति /पत्नीको नामः..............................
४. संलग्न कागजातहरुः..............................

माथी पेश गरेको विवरण ठीक साँचो छ। फरक पर्न गएमा कानून बमोजिम सहुँला बुझाउँला।

<u>निवेदक</u>

| दायाँ | बायाँ |
| --- | --- |
| | |

हस्ताक्षरः

नाम थरः

जिल्लाः

गा.पा./न.पा.:

वडा नं.:

निवेदन दिएको मितिः

सम्पर्क न.: